बैठक संख्या २ समयः विहान ११ बजे बैठक मिति २०८२।०६।२०

आज मिति २०८२ साल असोज २० गतेका दिन यस नौगाड गाँउपालिकाका अध्यक्ष श्री दलजीत सिह धामी ज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नौगाड गाँउ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमा छलफल गरी निर्णयहरु पारित गर्दै सम्पन्न गरियो।

उपस्थिति

| क्रस | हस्ताक्षर | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री दलजीत सिह धामी | अध्यक्ष |
| २ | — | श्री जगत सिह ठगुन्ना | उपाध्यक्ष |
| ३ | — | श्री हरीलाल सिह महता | वडा अध्यक्ष वडा नं १ |
| ४ | — | श्री नारायण सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं २ |
| ५ | | श्री राइ सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं ३ |
| ६ | | श्री कृष्ण सिह धामी | वडा अध्यक्ष वडा नं ४ |
| ७ | | श्री राम सिह धामी | वडा अध्यक्ष वडा नं ५ |
| ८ | | श्री राजेन्द्र सिह बोहरा | वडा अध्यक्ष वडा नं ६ |
| ९ | | श्री गणेश टमटा | कार्यपालिका सदस्य |
| १० | | श्री चन्द्रा टमटा | कार्यपालिका सदस्य |
| ११ | — | श्री जोगी टमटा | कार्यपालिका सदस्य |
| १२ | — | श्री नरमा धामी | कार्यपालिका सदस्य |
| १३ | | श्री बसन्ती ठगुन्ना | कार्यपालिका सदस्य |
| १४ | | श्री रुकमती ठगुन्ना | कार्यपालिका सदस्य |
| १५ | | श्री पुष्कर सिह धामी | प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रितः

पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

प्रस्तावहरुः

१. उद्यम विकास कार्यक्रम संयोजक नियुक्त गर्ने सम्बन्धमा।

२. परीक्षा दस्तुर निर्धारण सम्बन्धमा।

३. खर्च कटौती तथा मितव्ययिता सम्बन्धमा।

४. नौगाडगाँउपालिका स्थानीयसंस्था दर्तातथा नविकरण सम्बन्धी कार्यविधि २०८२ स्वीकृत गर्ने सम्बन्धमा।

५. आयोजना/कार्यक्रमको नाम संशोधन गर्ने सम्बन्धमा।

६. शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

७. मालिकार्जुन मन्दिर (वडा न ४ सिप्टी)को जग्गाको चारकिल्ला एकिन गर्ने सम्बन्धमा।

८. विधुतिकरण गर्ने सिलसिलामा छूट घरधुरी सम्बन्धमा।

९. जामिर इयरकोट सडकको ट्र्याक खोल्ने सम्बन्धमा।

१०. करार कर्मचारीको म्याद थप सम्बन्धमा।

माथि उल्लेखित प्रस्तावहरुमा छलफल गर्दा भएका निर्णयहरु:

निर्णय नं १ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ८ बमोजिम यस गाउँपालिकाको उद्योग तथा व्यवसाय प्रवर्धन इकाइमा शाखा प्रमुखको रुपमा कार्यरत वरिष्ठ उद्यम विकास सहजकर्ता (पाचौ तह) श्री दान सिह ठगुन्नालाई उद्यम विकास सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम संयोजकको रुपमा नियुक्त गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं २ आर्थिक वर्ष २०८२/८३ देखि लागु हुने गरी तपसिल अनुसार परीक्षा दस्तुर निर्धारण गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

तपसिल

| क स | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | उमावि तह | १४०० | |
| २ | मावि तह | १२०० | |
| ३ | निमावि तह | १००० | |
| ४ | प्रावि तह | ८०० | |
| ५ | अधिकृत स्तर सातौ/आठौ तह | १२०० | |
| ६ | अधिकृत स्तर छैटौ तह | ११०० | |
| ७ | सहायक स्तर पाचौ तह | १००० | |
| ८ | सहायक स्तर चौथो तह | ८०० | |
| ९ | श्रेणी विहिन | ५०० | |

निर्णय नं ३ यस गाउँपालिका वा अन्तर्गतका कार्यालयहरुले देहाय बमोजिम खर्च कटौती तथा मितव्ययिता अपनाउने निर्णय सर्वसम्मत पारित गरियो।

- सरकारी सवारी साधन विदाको दिन नचलाउने र व्यक्तिगत प्रयोजनमा प्रयोग नगर्ने।
- इन्धन तथा कार्यालय सञ्चालन खर्चमा मितव्ययिता अपनाउने
- अत्यावश्यक बाहेक अतिथी सत्कार तथा विविध खर्चहरु नगर्ने

निर्णय नं ४ नौगाड गाँउपालिका स्थानीय संस्था दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ५ चालु आर्थिक वर्ष २०८२।८३ को बजेट तथा कार्यक्रम अन्तर्गत तपसिल अनुसारका आयोजना/कार्यक्रमको नाम संशोधन गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

| क्र स | खर्च शीर्षक | साविकको शीर्षक | हाल कायम | रकम |
|---|---|---|---|---|
| १ | ३११५१ | जामिर साङपाङ इयरकोट सडक आयोजना | जामिर साङपाङ इयरकोट सडक आयोजनाको इन्धन खरिद एक्साभेटर मर्मत तथा अन्य व्यवस्थापन | ५०००००० |
| २ | ३११२१ | कार्यालयको सवारी साधन खरिद | गाउँपालिकाको लागि बस खरिद | ५५०००००० |

निर्णय नं ६ प्रदेश सरकारको विशेष अनुदान अन्तर्गत चालु आर्थिक वर्ष २०८२/८३ मा प्राप्त शैक्षिक गुणस्तर सुधार कार्यक्रम आधारभूत तह (०-५) सञ्चालनका लागि छनौट गरिएका यस गाउँपालिका अन्तर्गतका सामूदायिक विद्यालयहरुमा विषयगत कक्षा सञ्चालन गर्न तपसिल अनुसारका क्रियाकलापहरु सञ्चालन गर्ने निर्णय निर्णय सर्वसम्मत पारित गरियो।

तपसिल

- कक्षा कोठा तयार तथा वसाइ व्यवस्थापन
- शिक्षक तालिम
- शैक्षिक सामाग्री खरिद

निर्णय नं ७ यस गाउँपालिकाको वडा न ४ मा रहेको मालिकार्जुन मन्दिरको जग्गा मिचिएको भनि जनगुसानो प्राप्त भएकोले उक्त मन्दिरको जग्गाको चारकिल्ला एकिन गर्न सर्वेक्षक बोलाइ नापजाँच गरि एकिन गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ८ यस गाउँपालिकामा डोल्पा- दार्चुला ग्रामिण विद्युतिकरण आयोजना सञ्चालनमा रहेको भएता पनि अझै पनि केहि बस्तिहरु उक्त आयोजनाको कार्यक्षेत्रमा नपरेकोले विद्युतिकरणमा बस्तिका घरधुरीहरु छुटहुने देखिएकोले यस गाउँपालिकाका सम्पूर्ण वस्तिका घरधुरीहरुमा विद्युतिकरणका लागि सम्बन्धित निकायहरुलाई अनुरोध गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ९ चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रममा रहेको जामिर साङपाङ सडकको ट्र्याक खोल्ने कार्य गर्न यस गाउँपालिको आफ्नै एक्साभेटर प्रयोग गर्ने र लागत इस्टिमेट स्वीकृत गराइ यथाशीघ्र ट्र्याक खोल्ने निर्णय सर्वसम्मत पारित गरियो।

नौगाड गाउँपालिका
गाउँपालिकाको कार्यालय
सुनसेरा, नौगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

निर्णय नं १० सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ११३ मिति २०८२।०६।०८ गतेको पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२।०६।०५ गतेको बैठकबाट नेपाल सरकार, प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरबन्दी बाहेकमा अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने भनि निर्णय भएको, सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ को दफा १५ बमोजिम र यस नौगाड गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक योजना तथा कार्यक्रममा गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत करार कर्मचारीहरुको लागि चालु आवको पौष मसान्त सम्म मात्र पुग्ने गरी सेवासुविधा विनियोजन भएकोले, यस गाउँपालिकाको लागि स्वीकृत दरबन्दीमा कार्यरत र संघीय तथा प्रदेश सरकारको सशर्त कार्यक्रमबाट म्याचिङको रुपमा सेवासुविधा प्राप्त गर्ने, सङ्घीय वा प्रदेश सरकारको ऐन नियमावली, निर्देशिका,कार्यविधि र मापदण्ड बमोजिम करार सेवामा राख्न मिल्ने करार कर्मचारी बाहेक यस गाउँपालिका वा अन्तर्गतका कार्यालय र स्वास्थ्य संस्थाहरुमा कार्यरत सम्पूर्ण करार कर्मचारीहरुको म्याद अन्तिम पटकको लागि चालु आर्थिक वर्ष २०८२/८३ को पौष मसान्त सम्म थप गर्ने र सो पश्चात थप नगर्ने निर्णय सर्वसम्मत पारित गरियो।

पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत